नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय वर्दिया

## जिल्ला आपतकालिन कार्यसन्चालन केन्द्र (DEOC)

SitRep #2

### मासिक प्रतिवेदन, भाद्र २०७७

| क्रस | विपद्को प्रकार | जम्मा घटना संख्या | प्रभावित जम्मा घर | प्रभावित घर धुरी | | मानविय क्षति | | | भान्छा घर | खेती योग्य जिमन | | चौपाया | | अनुमानीत क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुर्ण | आंशिक | मृत्यू | घाइते | वेपत्ता | | कटान(बिघा) | बाली (बिघा) | मृत्यु | घाइते | |
| १ | हावाहुरी | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३५००० |
| २ | आगलागी | ५ | ५ | २ | २ | ० | ० | ० | १ | ० | ० | ० | ० | ४४४००० |
| ३ | सर्पदंश | २ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | बन्यजन्तु आक्रमण | ५ | ३ | २ | १ | ० | ५ | ० | ३ | ० | १ | ० | ० | ९८७५० |
| ५ | सडक दुर्घटना | २ | ० | ० | ० | १ | २ | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | पानीमा डुवी | १५ | ८७ | २ | ६२ | ७ | ० | ४ | १ | ३० | ० | ० | ० | ११०००० |
| ७ | करेन्ट | २ | | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ११५००० |
| | जम्मा | ३२ | ९६ | ७ | ६५ | १० | ७ | ४ | ५ | ३० | १ | ३ | ० | ८०२७५० |

**सारांशः** २०७७ साल भदौ महिनामा विपद्का विभिन्न ३२ वटा घटना घटेका छन् । भाद्र महिनामा हावाहुरी, आगलागी, सर्पदंश, वन्यजन्तुको आक्रमण, सडक दुर्घटना, पानीमा डुबी र करेन्ट जस्ता विपद्का घटनाहरु भएका छन् । जस मध्ये मानविय क्षतीमा १० जनाको मृत्यु भएको छ, घाइते हुनेको संख्या ७ छ भने ४ जना बेपत्ता भएका छन् । यसैगरि चौपाया तर्फ ३ को संख्यामा मृत्यु भएको छ । यसरी यस महिनाको अबधीमा भएका विपदका घटनाहरु मार्फत कुल अनुमानित क्षति रकम रु. ८०२७५०/- रहेको छ ।

सम्पर्क नं. ०८४-४२०९९९

Email: bardiyadeoc@gmail.com



**घटनाः ३२** **मृत्युः १०** **बेपत्ताः ४** **घाइतेः ७** **चौपाया क्षतीः ३** **अनुमानित क्षतीः ८०२७५०**

## विस्तृत विवरण

**हावाहुरीः** यस महिनामा हावाहुरीको घटना संख्या जम्मा १ रहेको छ । गुलरिया नगरपालिका वडा नं. १२ स्थित उच्चलालपुरमा हावाहुरीको कारणले गर्दा एक स्थानीयको टिनले छाएको घर पूर्ण रुपमा क्षति पुर्याएको थियो ।

**आगलागीः** भदौ महिनामा आगलागीबाट ५ वटा घटना घटेका छन् । आगलागि मध्ये बढैयाताल वडा नं. ३ सोरहवामा एक स्थानीयको घरमा ग्याँस लिक भएर भान्छाकोठामा आगलागी भएको थियो । सोही गाउँपालिकाको वडा नं. ५ बुद्ध टोलमा बिधुतीय लाइन सट हुँदा घरमा आगलागी भएको घटना यस केन्दमा जानकारी भएको थियो । यसरी जिल्लामा विधुतीय तार सट हुँदा तथा ग्याँस लिक भएर लगायतका कारणले गर्दा आगलागिका घटना भएका थिए ।

**सर्पदंशः** यस जिल्लामा भदौ महिनामा सर्पदंशका २ वटा घटना घटेका थिए । जसमध्ये गुलरिया नगरपालिका वडा नं. १ स्थित १६ नम्बर गाँउमा १ जना स्थानीय जंगलमा साँग टिप्न जाँदा सर्पले टोकेको र पछि उपचारको क्रममा मृत्यु भएको थियो । यस्तै ठाकुरबाबा नगरपालिका वडा नं. ७ सैनवारका एक स्थानीयलाई घरमै सुतिरहेको अबस्थामा सर्पले टोकेको र उपचारको क्रममा मृत्यु भएको थियो ।

**बन्यजन्तुः** यस महिनामा बन्यजन्तुको आक्रमण बाट ५ वटा घटना घटेको थियो । बन्यजन्तुले मानिसलाई आक्रमण गर्ने तथा स्थानीयको घरमा आइ क्षती पुर्याएको घटना भएका थिए । जसमध्ये बारबर्दिया नगरपालिका वडा नं. ७ मर्कट्टीमा स्यालले आक्रमण गर्दा पाँच जना सामान्य घाइते भएका थिए । यस्तै गेरुवा गाउँपालिका वडा नं. ६ गुप्तीपुरमा हात्तीले आक्रमण गर्दा स्थानीयको भान्छामा पूर्ण रुपमा र घरमा आंशिक क्षति पुर्याएको थियो । राजापुर नगरपालिका वडा नं. १० मझेरामा हात्तीले स्थानियकको भान्छा घरमा आक्रमण गर्दा भान्छा घर पुर्णरुपमा क्षती पुर्याएको र १ बिघामा लगाएको मकै क्षती पुर्याएको घटना जानकारीमा आएको थियो ।

**सडक दुर्घटनाः** भदौ महिनामा २ पटक सडक दुर्घटनाको घटना घटेको थियो । जसमध्ये गुलरिया नगरपालिका वडा नं. १२ गणेशपुरमा पिकअप भ्यानले साइकल यात्रीलाई ठक्कर दिँदा साइकलयात्रीको मृत्यु

भएको र बाँसगढी नगरपालिका वडा नं. ९ शान्तीनगरमा साइकलयात्रीलाई मोटर साइकलले ठक्कर दिँदा घाइते भएको घटना जानकारीमा आएको थियो ।

**करेन्टः** जिल्लामा घटेका घटनाहरु मध्ये करेन्टबाट २ वटा घटना घटेका थिए जसअन्तरगत गुलरिया नगरपालिका वडा नं. १० रत्नापुरमा विधुतीय ट्रान्फरमर सट हुँदा विधुतीय तार चुटेर दुइवटा खसीमा पर्नगइ मृत्यु भएको थियो । सोही नगरपालिकाको वडा नं. ७ मा विजुलीको पोलमा करेन्ट लिक हुँदा नजिकै बाँधिएको भैंसीलाई करेन्ट लागि मृत्यु भएको थियो ।


**पानीमा डुविः** यस महिनाको घटनाहरु मध्ये पानीमा डुबेर हुने घटनाहरु तुलानात्मक रुपमा बढी घटेको तथ्याङ्क रहेको छ । नदीमा माछा मार्न जाँदा, दाउरा टिप्न जाँदा तथा पौडी खेल्ने क्रममा पानीमा डुबेर मानिसहरु बेपत्ता हुने तथा मृत्यु हुने गरेको छ । जसमध्ये बारबर्दिया नगरपालिका वडा नं. १ मा बबई नदीमा माछा पार्ने क्रमा एक स्थानीयको डुबेर मृत्यु भएको । राजापुर नगरपालिका वडा नं. ४ छेदिया स्थित कर्णाली नदीमा माछा मार्ने क्रममा स्थानीय डुबेर बेपेत्ता भएको । यस्तै गुलरिया नगरपालिका वडा नं. ५ सैलवारका एक युवक साथीहरुसंग पौडी खेल्न गएको क्रममा भादा नदीमा डुबेर बेपत्ता भएका छन् । गेरुवा गाउँपालिका वडा नं. ४ ज्योतीपुरमा कर्णाली नदीमा दाउरा टिप्ने क्रममा १ जना बेपत्ता र २ जनाको मृत्यु भएको थियो । यसरी गुलरिया नगरपालिका वडा नं. १० मज्जदियामा पर्ने भादा नदीको सतह बढेर नदीकिनारको ३० बिघा जमिन कटान गरेको थियो । यसै गरि अविर बर्षाले घर छेउका कुलो तथा खाल्टोमा पानी जमेर घर भित्र बस्दा कच्ची घरहरुको भित्ता भत्केर स्थानियहरुको घर क्षती भएका थिए ।


## प्रतिकार्यः

- जिल्लामा रहेका कर्णाली र बबई नदीहरुको जल सतहको स्थितीबारेमा निरन्तर रुपमा जोखीम क्षेत्रमा रहेका स्थानीयहरुलाई जानकारी गराइएको छ ।
- बाढी पुर्वनुमान बुलेटिनलाइ सवै सरोकारवालाइ दैनिकरुपमा सुचना संप्रेषणको कार्य गरिएको छ ।
- कोरोना भाइरसको महामारी न्युनिकरणका लागि आएका स्वास्थ्य सामाग्रीहरु वितरण कार्य गरिएको छ ।


# अनुसूची

१. *भदौ महिनाकोघटना विवरण Bar तथा Chart मा संक्षीप्त प्रस्तुती:*





२. *भदौ महिनाको घटना नक्साकनमा प्रस्तुती:*




सम्पर्क नं. ०८४-४२०९९९ Email: bardiyadeoc@gmail.com